नेपाल पत्रकार महासंघ केन्द्रीय मिडिया मिसन-२०७४
२०७४ साल साउन ६-८, रुपन्देही

प्रतिवेदन

# विषय सूची

विषय प्रवेश ........ 3

उद्देश्य ........ 5

आवश्यकता/महत्व ........ 5

विधि ........ 6

अध्ययनको सीमा ........ 6

रुपन्देही जिल्लाको वस्तुस्थिति ........ 6

सबल पक्ष ........ 6

समस्या ........ 7

सुझाव ........ 8

प्रतिबद्धता ........ 9

निष्कर्ष र सुझाव ........ 9

अनुसूची-१ ........ 11

अनुसूची-२ ........ 11

अनुसूची-३ ........ 13

मिसन टोली ........ 15

**विषय प्रवेश**

समाजप्रति उत्तरदायी र जवाफदेही भई विना अवरोध सूचना संकलन, सम्पादन, प्रकाशन/प्रसारण तथा वितरण गर्नु प्रेस स्वतन्त्रताको अभ्यास हो । प्रेस स्वतन्त्रता मूलतः शासन व्यवस्था, आचारण, अभ्यास र मिडिया साक्षरतासँग जोडिएको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्था, आचारण, खुल्ला समाज, व्यावसायिक पत्रकारिताको अभ्यास र मिडिया साक्षरता अधिक प्रेस स्वतन्त्रता अभ्यासका मुख्य आधार हुन् । लोकतान्त्रिक शासन व्यवस्था हुँदैमा प्रेस स्वतन्त्रता भइहाल्छ भन्ने हुँदैन । त्यसका लागि लोकतान्त्रिक विधि विधान अनुरुप आचरण र अभ्यास हुन जरुरी हुन्छ । त्यस्तै व्यावसायिक पत्रकारिता हुँदैमा पनि प्रेस स्वतन्त्रताको प्रत्याभूति हुँदैन । किनकि गलत क्रियाकलाप विरुद्ध पहरेदारका रुपमा काम गर्दा र खोजी पत्रकारिता गर्दा पनि राज्य तथा गैरराज्य पक्षबाट स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने प्रयत्न हुन सक्छ । पत्रकार सुरक्षित र व्यावसायिक नभएमा पनि त्यसले स्वःनियन्त्रण (सेल्फसेन्सरसीप) गर्न बाध्य हुने भई प्रेस स्वतन्त्रतामा माथि आँच पुग्न सक्छ ।

मानव अधिकार सम्बन्धी घोषणापत्र सन् १९४८ को घोषणापत्रमा 'बिना कुनै हस्तक्षेप स्वतन्त्रतापूर्वक विचार राख्न पाउने स्वतन्त्रता, बिना कुनै अवरोध जुनसुकै सञ्चारमाध्यमार्फत सूचना वा विचार खोजी गर्ने, प्राप्त गर्ने र सम्प्रेषण गर्ने' अधिकार उल्लेख गरिएको छ । नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय

महासन्धी-१९६६ बिना कुनै हस्तक्षेप विचार राख्न पाउने अधिकारको व्यवस्था गरिएको छ ।

नेपालमा वैधानिक कानून २००४ सालदेखि २०७४ सालसम्म आउँदा सातवटा संविधान जारी भइसकेका छन् । त्यसमध्ये अधिकांशमा प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ । २०७२ सालमा जारी संविधानको धारा १९ मा- *'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृष्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने, कुनै श्रव्य, श्रव्यदृष्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चारमाध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने र कानुनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध नगरिने'* उल्लेख छ ।

संविधानमा केही संवैधानिक सीमाहरु पनि उल्लेख गरिएको छ । जसमा नेपालको सार्वभौम सत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, वा संघीय इकाइबीच सम्बन्ध र विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सम्बन्धमा खलल, राजद्रोह, गाली बेइज्यती, अदालतको अपहेलना, अपराध गर्न दुरुत्साहन, सार्वजनिक शिष्टचार, श्रमप्रति अपहेलना, जाति छुवाछुत वा लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा कानुन बनाउन सक्ने व्यवस्था छ ।

संविधानमा प्रेस स्वतन्त्रताको प्रत्याभूति गरिएपनि व्यवहारमा विभिन्न समस्या रहेका छ्न । नेपाल पत्रकार महासंघको अभिलेखमा सन् २०१६ को मे ३ देखि सन् २०१७ को मे ३ सम्म देशभर गरी प्रेस स्वतन्त्रता हनन्का ७३ वटा घटना दर्ता भएका छन् । जसमा सञ्चार गृहमा आक्रमण, पत्रकार दुर्व्यवहार, पत्रकार पक्राउ, धम्की, सञ्चारगृह कव्जा लगायत छन् । यस्तै सन् २०१७ मे ४ देखि जुलाई १८ सम्ममा प्रेस स्वतन्त्रता हनन्का ३० वटा घटना भएका छन् । जसमा पत्रकारलाई पक्राउ, नियन्त्रण, बेपत्ता, दुर्व्यवहार, अवरोध लगायत छन् । रुपन्देही जिल्लामा सन् २०१६ र सन् २०१७ मा प्रेस स्वतन्त्रता हन्नका एक एक वटा घटना भएका छन् । प्रेस स्वतन्त्रता हनन् सम्बन्धी सबै घटना अभिलेखिकरण भएका छैनन् । कतिपय अवस्थामा घट्नालाई बाहिर नलैजाने, आपसी समझदारीमा टुङ्ग्याउने गरेको पनि पाइन्छ । जसले गर्दा स्वःनियन्त्रणको अवस्थामा पनि कतिपय ठाउँमा रहेको छ ।

२०१२ सालमा बुटवल साप्ताहिको प्रकाशनबाट रुपन्देही जिल्लामा पत्रकारिताको सुरुवात भएको पाइन्छ ।[1] रुपन्देहीमा टेलिभिजन ४, एफएम रेडियो १७, पत्रपत्रिका ३३ वटा र अनलाइन १२ वटा सञ्चालनमा रहेको तथ्याङ्क छ । २०७४ साल साउन १३ गतेसम्म नेपाल पत्रकार महासंघ रुपन्देही शाखामा २ सय ९७ जना पत्रकार आवद्ध छन् ।

रुपन्देही जिल्लामा नेपाल पत्रकार महासंघले इन्टरनेशनल अलर्टसँगको सहकार्यमा दुई वर्षदेखि अभिव्यक्तिको हक: नेपालमा आमसञ्चार अभिव्यक्ति प्रवर्द्धन परियोजना सञ्चालन गरिरहेको छ । परियोजना अन्तर्गत महासंघले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, पत्रकारको सुरक्षा लगायतका मिडियाका विभिन्न आयामबारे सरोकारवाला पक्षहरुसँग सहकार्य गर्ने मञ्चका रुपमा फ्रि मिडिया नेटवर्क स्थापना गरी काम गर्दै आएको छ ।

**उद्देश्य**

नेपाल पत्रकार महासंघ मिडिया मिसनको उद्देश्य देहायबमोजिम छन् :

- रुपन्देही जिल्लामा प्रेस स्वतन्त्रता अभ्यासको अवस्था पहिचान गर्नु
- पत्रकार आचार संहिता कार्यान्वयनको अवस्थाबारे
- पत्रकारको सुरक्षाको अवस्थाबारे जानकारी हासिल गर्नु
- प्रेस र विभिन्न सरकोरवाला पक्ष, नागरिक समाज लगायतसँग सम्बन्ध र सहकार्यबारे जानकारी हासिल गर्नु
- मिडिया, प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाबारे स्थानीय जनप्रतिनिधिहरुको योजना र लक्ष्यबारे जानकारी हासिल गर्नु

**आवश्यकता/महत्व**

यस अध्ययनले प्रेस स्वतन्त्रता, मिडियाको विकास र पत्रकारको सुरक्षाका लागि नीति तथा रणनीति बनाउन सहयोग पुर्‍याउने छ । यस्तै पत्रकारिताको अभ्यासमा सुधार गर्न र आचार संहिता पालना गर्नमा सहयोग पुर्‍याउने छ । यस्तै पत्रकार र विभिन्न समुदायबीच थप छलफल र संवादका माध्यमले सहकार्य गर्न सहयोग पुर्‍याउनेछ । यसले गर्दा प्रेस स्वतन्त्रता र व्यावसायिक अभ्यासमा थप सहयोग पुग्नेछ । त्यस अतिरिक्त स्थानीय तहलाई मिडियाको नीति तथा योजना बनाउन र नागरिकलाई सूचनामाथि पहुँच दिन पनि यस अध्ययनले सहयोग पुर्‍याउनेछ । नीति निर्माता, पत्रकार, मिडिया सञ्चालक, नेपाल पत्रकार महासंघ र रुपन्देहीको मिडिया सम्बन्धी चासो राख्नेहरुका लागि पनि यस अध्ययनले सहयोग गर्नेछ ।

[1] जोशी, वसन्तध्वज । २०५८ । रुपन्देहीको पत्रकारिता विगतका पानाहरुमा । *क्षेत्रीय मिडिया विगत र वर्तमान* । प्रत्युष वन्त (सं), पृ. १५५-१७४ । काठमाडौं : मार्टिन चौतारी ।

**विधि**

मिडिया मिसनका क्रममा बैठक, छलफल, अन्तर्वार्ता र निरीक्षण विधि अबलम्बन गरिएको छ । विगतका सामग्रीको पनि समीक्षा गरिएको छ । मिसनका क्रममा प्रमुख जिल्ला अधिकारी, स्थानीय जनप्रतिनिधि, निर्वाचन अधिकृत, सुरक्षा निकायका अधिकारी, मिडिया हाउस र पत्रकारहरुसँग छुट्टा छुट्टै छलफल गरिएको छ । रुपन्देहीका ३५ जना पत्रकारसँग छलफल गरिएको छ । नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व सभापति, वरिष्ठ पत्रकारहरुसँग छुट्टा छुट्टै छलफल गरिएको छ । गुणात्मक विधिका आधारमा विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

**अध्ययनको सीमा**

मिडिया मिसनको अध्ययनले रुपन्देही जिल्लालाई मात्र समेटेको छ । प्रतिवेदनमा प्रवृतिहरु आएका छन् । त्यसैले यो प्रतिवेदनको निश्कर्षबाट कुनै व्यक्ति, संस्था वा मुद्दाको प्रतिनिधित्व गर्दैन ।

**रुपन्देही जिल्लाको वस्तुस्थिति**

***सबल पक्ष***

विगतको तुलनामा सूचनामा आमनगरिकको पहुँच बढेको छ । वाक तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने वातावरण बढेको छ । सरकारी पक्ष सूचनाको पहुँच बढाउन र पारदर्शिता कायम गर्न अग्रसर भएर लागेको छ । प्रेस स्वतन्त्रताको अभ्यासमा थप सहज भएको छ । सामान्य अवस्थामा पत्रकारलाई सूचना संकलन, प्रकाशन तथा प्रसारण गर्न समस्या छैन । समाचारका कारण पत्रकारहरुले भौतिक सुरक्षाको खतरा महसुस गरेको घटना बाहिर आएका छैनन । मिडिया, राज्यका निकाय र निजी क्षेत्रबीच संवाद र सहकार्यको वातावरण छ । संवेदनशिल अवस्थामा सबै पक्षबीच बसेर छलफल गर्ने र समस्याको उपाय खोज्ने गरिएको छ । आचारसंहिताको पालना गर्नुपर्छ भन्ने भावना बढेको छ । केही अपवाद बाहेक स्थानीय तहको निर्वाचनमा सूचना प्रवाहमा मिडियाको भूमिका सकारात्मक रहेको छ । स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएको स्थानमा बदर मत धेरै भएको र स्थानीय मिडियाहरुले मतदाता शिक्षा र जानकारीमूलक सामग्रीलाई प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरेकाले स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा बदरमतको संख्या कम भएको दाबी पत्रकार, निर्वाचन आयोग र निजी क्षेत्रको दाबी छ । सञ्चार गृह सञ्चालक र पत्रकारबीच विवादका घटना बाहिर

आएका छैनन । पहिलोको तुलनामा काम गर्नका लागि थप सहज वातवारण बन्दै गरेको छलफलमा सहभागी पत्रकारहरुको भनाइ पाइयो ।

***समस्या***

सबै नागरिकमा सूचनाको पहुँच छैन । सरकारी र निजी क्षेत्रका सूचनाहरु पाउनका लागि बेला बेलामा समस्या पर्ने गरेको छ । तराई/मधेस आन्दोलनलाई हेर्ने र त्यस सम्बन्धी मुद्दाहरुको 'फ्रेमिङ'मा पत्रकारहरु विभाजित छन् । तराई'/मधेस आन्दोलनको पक्षको समर्थनमा रहेका केही पत्रकारले मूलधारका मिडिया र त्यसमा कार्यरत पत्रकारले आफूहरुका मुद्दालाई प्राथमिकता नदिएको आरोप/प्रत्यारोप लगाउने प्रबृति देखियो । मूलधारमा कार्यरत पत्रकारले भने राष्ट्रियताको पक्षमा र द्वन्द्वलाई न्यूनीकरण गर्न आफूहरुको भूमिका निर्वाह गरेको जिकिर गरेको पाइयो ।

जुनै प्रकारको द्वन्द्व वा राजनीतिक आन्दोलनताका पत्रकारहरुलाई आइपर्ने जोखिम कायमै छ । छिमेकी भारतीय सीमावर्ती क्षेत्रमा एक्लै पुगेर रिपोटिङ गर्न कठिन छ । द्वन्द्वका बेला राज्य पक्षबाट पनि पत्रकारलाई खतरा छ । त्यस्तै विभिन्न समुदाय तथा संघ/संगठनबाट पनि खतरा छ । सुरक्षा निकाय तथा विभिन्न संघ/संगठनबाट प्रेस स्वतन्त्रता हनन्का घटना भएका छन् । तर, ती घटना सम्बन्धी उजुरी दिने र सार्वजनिक गर्ने र दोषीलाई कारवाहीको दायरामा ल्याउने काम भएको पाइएन । जसलाई पऱ्यो, त्यसले सुरक्षा निकाय तथा सम्बन्धित निकायको उच्च तहको व्यक्तिलाई भन्ने र गल्ती स्वीकार गर्न दबाब दिने गरेको पाइन्छ । पेशागत मर्यादा र आचारमा पत्रकारले राज्यका अंगलाई दोष दिने र राज्यका निकायहरुले पनि पत्रकारलाई दोष दिने गरेका छन् । पत्रकारहरुको एउटा मात्र भूमिका नभएको धेरैको भनाई छ । त्यस्ले गर्दा केही घटना भएमा पत्रकारको पक्षमा सशक्त रुपमा आवाज उठाउन कठिनाई हुने उनीहरुकै तर्क पाइयो । राजनीतिक आस्थाका आधारमा पनि पत्रकारहरु विभाजित छन् । राजनीतिक दलहरुले पत्रकारलाई बेला-बेलामा आफ्नो पक्षमा पार्न खोज्दा र पत्रकार पनि दलहरुसँग नजिकिंदा व्यवसायिक पत्रकारितामा असर परिरहेको देखियो । त्यसको प्रभाव समाचार सामग्रीमा समेत देखिने गरेको पाइयो ।

जसको परिणाम सामग्रीमा बेला-बेलामा समस्या देखा परेको पाइयो । व्यवसायिक रुपमा काम गर्दा पनि आफ्नो पक्षमा समाचार तथा अन्य सामग्री नआए पत्रकारले गुनासो खेप्नु पर्ने, गाली खानु पर्ने र धम्की आउने गरेको पाइयो । तथ्यगत रुपमा प्रस्तुत भएका छन् कि छैनन् भन्दा पनि आफ्नो अनुकुल छ कि छैन भन्नेमा पाठक, दर्शक तथा स्रोताको ध्यान बढी केन्द्रित हुने गरेका छन् । कतिपय बेलामा पत्रकारहरु पेशागत मर्यादालाई नाघेर प्रस्तुत भएको अवस्था पनि देखियो । जसले गर्दा समाजबाट पत्रकारको पेशागत मर्यादा माथि प्रश्न उठ्ने क्रम बढ्दै गएको देखियो ।

यस्तै श्रमजीवी पत्रकार ऐन पूर्ण रुपमा लागू हुन सकेको छैन । केही मिडियामा न्यूनतम पारिश्रमिक निर्धारण समितिले सिफारिस गरे अनुसार पारिश्रमिकको व्यवस्था नगरिएको अवस्था पनि छ । जसले गर्दा पेशागत असुरक्षा पनि रहेको छ ।

स्वःनियन्त्रण पनि छन् । संवेदनशिल विषयमा सुरक्षा नभएका कारण पत्रकारले स्वःनियन्त्रण अपनाउने गरेका छन् भने ठूला मिडिया हाउसको प्रभावले पनि स्वतन्त्र रुपमा सामग्री प्रकाशन तथा प्रसारणमा असर पारेको देखियो । पत्रकारले समाचारका विषयमा समाचार स्रोतसँग बढि निकटताको सम्बन्धले पनि निर्वाध रुपमा प्रेस स्वतन्त्रताको उपयोग गर्न नसकेको देखियो ।

स्थानीय तह दोस्रो चरणको निर्वाचनका बेला सूचना प्रवाहमा समस्या देखा परेको देखियो । निर्वाचन कार्यालयहरुले सूचना प्रवाहलाई व्यस्थित गर्न सकेनन् । जसले गर्दा पत्रकारले सहज रुपमा सूचना पाउन सकेनन । निर्वाचन आयोगले एउटा वडाको मतगणना सम्पन्न नगर्दासम्म मत परिणाम सार्वजनिक नगर्न मातहतका निकायलाई निर्देशन दिएको दियो । केन्द्रको निर्देशन र सफ्टवेयरबाट सार्वजनिक गर्नु पर्ने प्राविधिक कारण भएकाले ढिला भएको निर्वाचन अधिकारीले नै मिशन टोलीसाग स्वीकारे । नगरपालिकाहरुमा ६ सय मत गणना भएपछि मत सार्वजनिक गर्ने भनिएको थियो । त्यसमा पनि समस्या भएको थियो । बीच/बीचमा मत परिणाम सार्वजनिक नगर्दा समस्या भएको  र परिणाम सार्वजनिक गर्दा गल्ती भए त्यसको जिम्मेवारी आफैले लिनु पर्ने भएकाले केही गर्न नसकेको निर्वाचन अधिकृतको भनाई छ । कतिपय ठाउँमा पत्रकारमा पनि समस्या थियो । केही ठाउँमा पत्रकार समेत उम्मेदवारको प्रतिनिधि भएर मत गणना स्थलमा बसेको पाइयो ।

***सुझाव***

मिडिया र पत्रकारलाई तथ्यगत र यथार्थ रुपमा प्रस्तुत हुन सुझाव छ । व्यावासयिक मर्यादाभित्र रहेर पत्रकारिता गर्न पनि सुझाव छ । तथ्यमा आधारित सामग्री भए र गलत कुराको चिरफार गरिए त्यसलाई सहज रुपमा स्वीकार गर्न तयार रहेको सरकारी र नागरिक समाजका प्रतिनिधिहरुको भनाई छ । उनीहरुले मिडियाले आलोचनात्मकका साथ साथै राम्रा कुरालाई पनि बाहिर ल्याउन आवश्यक रहेको भनि सुझाएका छन् । पिछडिएको वर्ग, दलित, मधेसी लगायतको भ्वाइस (आवाज) पनि मिडियाले ल्याइदिन पनि सरकारवालाको आग्रह छ । मिडियाले गल्तीहरु औंल्याइदिँदा काम गर्न सजिलो हुने मिसन टोलीसँग भेटघाट र छलफलमा सहभागीहरुको धारणा पाइयो । पत्रकारहरु भावनामा बग्न नहुने, व्यावसायिक रुपमा प्रस्तुत हुनु पर्ने र पत्रकार आचार संहिता पूर्ण पालनामा जोड् दिनुपर्ने सुझाव पनि आएको छ । पत्रकारले आचार संहिता पालना गरे समस्या कम उत्पन्न हुने भनाई पनि छ । पत्रकार र विभिन्न संघसंस्थाबीच व्यावसायिक सम्बन्ध हुनुपर्ने धारणा पनि आएको छ । यसैगरी राष्ट्रियताको पक्षमा एकजुट हुनुपर्ने

आवश्यक भएको, सामाजिक सद्भाव बढाउन पनि पत्रकारको भूमिका हुनु पर्नेमा जोड दिइएको छ ।

व्यक्तिगत स्वतन्त्रता र व्यावसायिक स्वतन्त्रतामा फरक छुट्टाउन पनि सुझाव आएको छ । कुनै पार्टी, क्षेत्र, धर्म, वर्ग विशेषका लागि मात्र काम नगर्न पनि सुझाव आएको छ । आश र त्रासले स्वःनियन्त्रणमा नपर्न र समस्या भए सुरक्षाका लागि सम्बिन्धत निकायसँग समन्वय गर्नुपर्ने सुझाव पनि आएको छ ।

***प्रतिबद्धता***

अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति सबै पक्ष प्रतिबद्ध रहेको दोहोऱ्याए । स्थानीय तहका नव निर्वाचित पदाधिकारी, प्रशासक, सुरक्षा निकायका अधिकारी, व्यवसायी, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी नागरिकको सूचना पाउने अधिकारको सम्मान गर्नमा प्रतिबद्ध देखिए । स्थानीय निकायका पदाधिकारीले पत्रकारहरुको संस्था, पत्रकार र सञ्चारगृहसँगको छलफल र सहकार्यमा स्थानीय तहमा मिडियाको नीति बनाउने र जसले गर्दा मिडियाको प्रबर्धनका हुने विश्वास व्यक्त गरेका छन् । यस्तै सुरक्षा निकाय पत्रकार र मिडियाको सुरक्षा गर्नका लागि प्रतिबद्ध देखिएका छन् । आचार संहिता र पेशागत मूल्य मान्यता पालना गर्न पत्रकारले प्रतिबद्धता व्यक्त गरेका छन् । धेरैको भनाई छ- 'आ-आफ्नो पेशागत मर्यादा, सीमामा रहऔं र एक अर्काबीच पेशागत सम्बन्ध कायम गरौं ।'

**निष्कर्ष र सुझाव**

विगतको तुलनामा सूचनामा आमनगरिकको पहुँच बढेको छ । वाक तथा अभिव्यक्ति स्वतन्त्रताको अभ्यास गर्ने वातावरण बढेको छ । सरकारी पक्ष सूचनाको पहुँच बढाउन र पारदर्शिता कायम गर्न अग्रसर भएर लागेको छ । प्रेस स्वतन्त्रताको अभ्यासमा थप सहज भएको छ । सामान्य अवस्थामा पत्रकारलाई सूचना संकलन, प्रकाशन तथा प्रसारण गर्न समस्या छैन । समाचारका कारण पत्रकारहरुले भौतिक सुरक्षाको खतरा महसुस गरेको घटना बाहिर आएका छैनन । सबै नागरिकमा सूचनाको पहुँच छैन । सरकारी र निजी क्षेत्रका सूचनाहरु पाउनका लागि बेला-बेलामा समस्या पर्ने गरेको छ । तराई/मधेस आन्दोलनलाई हेर्ने र त्यस सम्बन्धी मुद्दाहरुको फ्रेमिङमा पत्रकारहरु विभाजित छन् ।

द्वन्द्व र राजनीतिक आन्दोलनका बेलामा पत्रकारहरुलाई जोखिम कायमै छ । सीमावर्ती क्षेत्रमा एक्लै पुगेर रिपोटिङ गर्न कठिन छ । जुनै किसिमका द्वन्द्वका बेला राज्य पक्षबाट

पनि पत्रकारलाई खतरा छ । त्यस्तै विभिन्न समुदाय तथा संघसंगठनबाट पनि खतरा छ । सुरक्षा निकाय तथा विभिन्न संघ-संगठनबाट प्रेस स्वतन्त्रता हननका घटना भएका छन् । तर, ती घटना सम्बन्धी उजुरी दिने र सार्वजनिक गर्ने र दोषीलाई कारवाहीको दायरामा ल्याउने काम भएको छैन । जसलाई पऱ्यो, त्यसले सुरक्षा निकाय तथा सम्बन्धित निकायको उच्च तहको व्यक्तिलाई भन्ने र गल्ती स्वीकार गर्न दबाब दिने गरेको पाइन्छ ।

आस्थाका आधारमा पनि पत्रकारहरु विभाजित छन् । राजनीतिक दलहरुले पत्रकारलाई बेला बेलामा आफ्नो पक्षमा उपयोग गर्दा व्यवसायिक पत्रकारितामा असर परिरहेको छ । त्यसको प्रभाव सामग्रीमा समेत देखिने गरेको छ ।

मिडियालाई उद्योगको रुपमा अघि बढाउन आवश्यक छ भने पत्रकारलाई पनि आर्थिक रुपमा सबल बनाउन जरुरी छ । न्यूनत्म पारिश्रमिक निर्धारण समितिले तोकेको पारिश्रमिक सबै मिडियाले उपलब्ध हुने वातावरण तयार पार्न पनि आवश्यक छ । त्यसका लागि मिडिया सञ्चालकदेखि पत्रकारसम्मले अग्रसरता लिन जरुरी छ ।

स्वःनियन्त्रण पनि छन् । संवेदनशिल विषयमा सुरक्षा नभएर पनि पत्रकारले स्वःनियन्त्रण अपनाउने गरेका छन भने ठूला मिडिया हाउसको प्रभावले पनि स्वतन्त्र रुपमा सामग्री प्रकाशन तथा प्रसारणमा असर पारेको छ । पत्रकारको व्यक्तिगत सम्बन्धले पनि निर्बाध रुपमा प्रेस स्वतन्त्रताको उपयोगमा बेला बेलामा समस्या उत्पन्न गर्ने गरेको छ ।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनका बेला सूचना प्रवाहमा समस्या देखा पऱ्यो । निर्वाचन कार्यालयहरुले सूचना प्रवाहलाई व्यस्थित गर्न सकेनन । जसले गर्दा पत्रकारले सहज रुपमा सूचना पाउन सकेनन ।

मिडिया र पत्रकारलाई तथ्यगत र यथार्थ रुपमा प्रस्तुत हुन सुझाव छ । व्यावासयिक मर्यादाभित्र रहेर पत्रकारिता गर्न पनि सुझाव छ । तथ्यमा आधारित सामग्री भए र गलत कुराको चिरफार गरिए त्यसलाई सहज रुपमा स्वीकार गर्न तयार रहेको सरकारी र निजी क्षेत्रको भनाई छ । उनीहरुले मिडियाले आलोचनात्मकका साथ साथै राम्रा कुरालाई पनि बाहिर ल्याउन आवश्यक रहेको बताएका छन । पिछडिएको वर्ग, दलित, मधेसी लगायतको भ्वाइस पनि मिडियाले ल्याइदिन पनि सरकारवालाको आग्रह छ ।

अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताप्रति सबै पक्ष प्रतिबद्ध छन् । स्थानीय तहका पदाधिकारी, प्रशासक, सुरक्षा निकायका अधिकारी, व्यवसायी, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी नागरिकको सूचना पाउने अधिकारको सम्मान गर्न प्रतिबद्ध देखिएको छ । स्थानीय निकायका पदाधिकारीले पत्रकारहरुको संस्था, पत्रकार र

सञ्चारगृहसँगको छलफल र सहकार्यमा स्थानीय तहमा मिडियाको नीति बनाउने र जसले गर्दा मिडियाको प्रबर्धन हुने विश्वास व्यक्त गरेका छन् ।

यस्तै सुरक्षा निकाय पत्रकार र मिडियाको सुरक्षा गर्नका लागि प्रतिबद्ध देखिएका छन् । आचार संहिता र पेशागत मूल्य मान्यता पालना गर्न पत्रकारले प्रतिबद्धता व्यक्त गरेका छन् । धेरैको भनाई छ-'आ-आफू पेशागत मर्यादामा रह्यौं र एक अर्काबीच पेशागत सम्बन्ध कायम गरौं ।'

**अनुसूची-१**

भेटघाट र अन्तर्वार्ता

| क्रस | नाम | संस्था | पद | |
|---|---|---|---|---|
| १ | हरिप्रसाद अधिकारी | सिद्धार्थ नगरपालिका | प्रमुख | |
| २ | उमा काफ्ले | सिद्धार्थ नगरपालिका | उपप्रमुख | |
| ३ | शिवराज सुवेदी | बुटवल उपमहनगरपालिका | प्रमुख | |
| ४ | गोमा आचार्य | बुटवल उपमहनगरपालिका | उपप्रमुख | |
| ५ | विनोद प्रकाश सिंह | रुपन्देही जिल्ला | प्रमुख जिल्ला अधिकारी | |
| ६ | रविन्द्र बहादुर धनक | जिल्ला प्रहरी कार्यालय, रुपन्देही | एसपी | |
| ७ | होमनाथ गौतम | निर्वाचन कार्यालय | निर्वाचन अधिकारी | |
| ८ | मुकुन्द मरासिनी | इलाका प्रहरी कार्यालय, बुटवल | डिएसपी | |

**अनुसूची-२**

फ्रि मिडिया नेटवर्कको बैठकका सहभागीहरु

| क्रस | नाम | संस्था | |
|---|---|---|---|
| १ | यानेन्द्र जिसी | अध्यक्ष, पत्रकार महासंघ, रुपन्देही | |

| | | | |
|---|---|---|---|
| २ | संगिता खड्का | सदस्य, प्रेस काउन्सिल नेपाल सचिव, नेपाल पत्रकार महासंघ | |
| ३ | उजिर मगर | महासचिव, नपाल पत्रकार महासंघ | |
| ४ | प्रभात चलाउने | सचिव, नेपाल पत्रकार महासंघ | |
| ५ | दिनेश पाण्डे | पत्रकार महासंघ, रुपन्देही | |
| ६ | बालकृष्ण चापागाईं | प्रधान सम्पादक, दैनिक पत्र | |
| ७ | दीपक ज्ञवाली | पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ८ | गोविन्द खनाल | ह्युमन राइट एण्ड पिस सोसाइटी | |
| ९ | अमृत गिरी | प्रेस चौतारी नेपाल | |
| १० | सञ्जु पौडेल | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ११ | कृष्ण खनाल | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| १२ | खडानन्द भण्डारी | अध्यक्ष, नेपाल बार एशोसियसन, रुपन्देही | |
| १३ | नुमराज खनाल | उच्च अदालत, बुटवल | |
| १४ | श्याम पोखरेल | लुम्बिनी टिभी | |
| १५ | निरु गौतम | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| १६ | भगवती पाण्डे | डब्लु डब्लु जे | |
| १७ | प्रकाश डुम्रे | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |

| | | | |
|---|---|---|---|
| १८ | विकास पराजुली | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| १९ | माधवप्रसाद पराजुली | आरसी आइ | |
| २० | मोतिलाल पाण्डे | रुपन्देही व्यापार संघ | |
| २१ | भुवन केसी | सिनियर प्रोजेक्ट अफिसर, पत्रकार महासंघ | |
| २२ | शेरबहादुर केसी | पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ रुपन्देही शाखा | |
| २३ | रामप्रसाद आचार्य | नेपाल पत्रकार महासंघ रुपन्देही शाखा | |
| २४ | प्रदीप आचार्य | प्रेस चौतारी | |
| २५ | कपिल अधिकारी | नेपाल पत्रकार महासंघ रुपन्देही शाखा | |
| २६ | विष्णु घिमिरे | लुम्बिनी टिभी | |
| २७ | मुकुन्द मरासिनी | इलाका प्रहरी कार्यालय, बुटवल | |
| २८ | विरेन्द्र कुवँर | खस्यौली साप्ताहिक | |
| २९ | दामोदर ढुंगाना | | |
| ३० | विनोद परियार | | |

**अनुसूची-३**

छलफलमा सहभागी पत्रकार

| | | | |
|---|---|---|---|
| १ | यानेन्द्र जिसी | अध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| २ | कपिल अधिकारी | बुद्ध टिभी | |
| ३ | विष्णु खत्री | रेडियो मलमला | |

| | | | |
|---|---|---|---|
| ४ | लक्ष्मण पौडेल | रेडियो लुम्बिनी | |
| ५ | बिपी गौतम | मेचीकाली | |
| ६ | ओमप्रसाद पंगेनी | मेचीकाली | |
| ७ | अस्मीना पाण्डे | रेडियो मुक्ति | |
| ८ | दिनेश कुमार श्रेष्ठ | बुलेटिन नेपाल डटकम | |
| ९ | राजेन्द्रजंग रायमाझी | तिनहु एफएम | |
| १० | अमृत गिरी | मेचीकाली | |
| ११ | स्वस्ति श्रेष्ठ | कान्तिपुर टिभी | |
| १२ | कृष्ण मल्ल | बुटवल टुडे | |
| १३ | देवीराम बञ्जाडे | रेडियो नमस्ते | |
| १४ | विरेन्द्र कुँवर | खस्यौली साप्ताहिक | |
| १५ | माया केसी | बुटवल टुडे | |
| १६ | रामप्रसाद आचार्य | दैनिक पत्र | |
| १७ | रुद्रहरि कुँवर | बुटवल टुडे | |
| १८ | अमृता अनमोल | कान्तिपुर | |
| १९ | दीपक ज्ञवाली | हिमाल मिडिया | |
| २० | रिमा बिसी | रेडियो जागरण | |
| २१ | प्रकाश डुम्रे | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| २२ | प्रकाश आचार्य | मेचीकाली | |
| २३ | शिव डुम्रे | | |
| २४ | विकास पराजुली | लुम्बिनी टिभी | |
| २५ | करिष्मा | बुटवल टुडे | |
| २६ | बालकृष्ण चापागाईं | प्रधान सम्पादक, दैनिक पत्र | |
| २७ | निरु गौतम | उपाध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| २८ | संगिता खड्का | सचिव, नेपाल पत्रकार महासंघ सदस्य, प्रेस काउन्सिल नेपाल | |
| २९ | प्रभात चलाउने | सचिव, नेपाल पत्रकार महासंघ | |

| | | | |
|---|---|---|---|
| ३० | तेजेन्द्र केसी | रासस | |
| ३१ | सिपी खनाल | दैनिक पत्र | |
| ३२ | शेरबहादुर केसी | पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ३३ | ध्रुवशरण ढुंगाना | | |
| ३४ | मोहन चापागाईं | पूर्व अध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ३५ | विनोद परियार | सहसचिव, नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ३६ | डिआर घिमिरे | स्वाधिन मिडिया प्रालि | |
| ३७ | कोपिला पुन | नेपाल पत्रकार महासंघ, रुपन्देही शाखा | |
| ३८ | भुवन केसी | सिनियर प्रोजेक्ट अफिसर, नेपाल पत्रकार महासंघ | |

**मिसन टोली**

| | |
|---|---|
| उजीर मगर | महासचिव, नेपाल पत्रकार महासंघ |
| संगीता खड्का | सचिव, नेपाल पत्रकार महासंघ<br>सदस्य, प्रेस काउन्सिल नेपाल |
| प्रभात चलाउने | सचिव नेपाल पत्रकार महासंघ |
| भुवन केसी | सिनियर प्रोजेक्ट अफिसर, नेपाल पत्रकार महासंघ |
| चन्द्रकान्त चापागाईं | प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, रुपन्देही |
| यानेन्द्र जिसी | अध्यक्ष, नेपाल पत्रकार महासंघ, रुपन्देही |